गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# सामाजिक विकास कार्यालय

चामे, मनाङ

## खेलकुद सम्बन्धी आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न आउने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।०५।२३

यस कार्यालयको चालु आर्थिक वर्ष २०८१।८२ को खेलकुद पूर्वाधार विकास संरचना निर्माण/स्तरोन्नती/मर्मत सम्भार कार्यका लागि बजेट बिनियोजित तपसिल बमोजिमका आयोजनाहरु सम्बन्धित स्थानीय तहका सम्बन्धित उपभोक्ता समिति/संघ/संस्था वा क्लबहरुबाट कार्यान्वयन गर्नुपर्ने भएकोले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय (साविकको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय), गण्डकी प्रदेश, पोखराबाट स्वीकृत **सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८१** तथा अन्य प्रचलित कानूनको अधिनमा रही कार्यान्वयन गर्न इच्छुक उपभोक्ता समिति/संघ/संस्था वा क्लबहरुलाई देहायका कागजातहरु संलग्न गरी यस कार्यालयमा सम्झौता गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

<u>खेलकुद पूर्वाधार विकास संरचना निर्माण/स्तरोन्नती/मर्मत सम्भार सम्बन्धी बजेट विनियोजित आयोजनाहरु:</u>

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. हजारमा) | प्रस्ताव पेश गर्ने स्थान र समय |
|---|---|---|---|
| १. | धारापानी फुटसल ग्राउण्ड स्तरोन्नती, नार्सों-३, धारापानी | ५५० | सामाजिक विकास कार्यालय, चामे, मनाङ, मिति २०८१।०६।२० गते सम्म |
| २. | दानाक्यू खेल मैदान स्तरोन्नती नार्सों-९, दानाक्यू | १००० | |
| ३. | ङावल युवा क्लब खेलमैदान मञ्च निर्माण मनाङ ङिस्याङ ३ | १००० | |
| ४. | टोङ्चे फुटबल ग्राउण्ड, मञ्च तथा शौचालय निर्माण मनाङ ङिस्याङ ३ | १००० | |
| ५. | हुम्डेमा खेल मैदान निर्माण, मनाङ ङिस्याङ-४ | १५०० | |

**<u>संलग्न गर्नुपर्ने कागजातहरु:</u>**

१. स्थानीय जनप्रतिनिधिको रोहबरमा भएको आमभेलाद्वारा गठित उपभोक्ता समिति, अनुगमन समिति, खाता सञ्चालन र सम्झौता गर्न कार्यालयमा आउने ब्यक्तिको सम्बन्धमा भएको निर्णयको प्रतिलिपि---थान १

२. आयोजना कार्यान्वयनका सम्बन्धमा आयोजना कार्यान्वयन गर्ने समिति/संस्थाले कम्तीमा १०% लागत साझेदारी गर्ने गरी यस कार्यालयका प्राविधिकद्वारा तयार पारिएको लागत अनुमान र दर विश्लेषण (Rate Analysis) सम्बन्धी कागजात ....थान २ (कार्यालयबाट तयार हुने)

३. खेलमैदान निर्माण/मर्मत सम्भार हुने स्थान/जग्गा कुनै ब्यक्तिको हकभोगमा नरहेको र सार्वजनिक पर्ति/ऐलानी जग्गा रहेको भन्ने सम्बन्धित स्थानीय तह/वडाको सिफारिस...थान १

४. खेलमैदानको जग्गा वनक्षेत्र भित्र नपर्ने भन्ने सम्बन्धित संरक्षण क्षेत्र/डिभिजन वन कार्यालयको सिफारिस पत्र...... थान १

५. समितिका सबै पदाधिकारी/सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी....थान ७/९ (समितिका सबैको)

६. उक्त कार्यका लागि अन्य कुनै सार्वजनिक संघ संस्थाबाट बजेट बिनियोजन नभएको स्वघोषणा पत्र (अनुसूची-९)

७. योजना सम्झौता गरिदिने सम्बन्धी सम्बन्धित वडा/स्थानीय तहको सिफारिस पत्र.......... थान १

८. योजना सम्झौता गरिदिने सम्बन्धी सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीको निवेदन.....थान १

९. कुनै पूर्व गठित समिति/संस्थाबाट कार्यान्वयन गर्ने/गराउने निर्णय भएमा सम्बन्धित संस्थाको संस्था गठन/दर्ताको प्रमाणित प्रतिलिपि, संस्थाको विधान, नवीकरण, आ.व.२०८०।८१ को लेखापरीक्षण सम्बन्धी कागजातहरु र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु ।

*पुनश्चः आयोजना सम्झौता, कार्यान्वियन र भुक्तानी सम्बन्धी अन्य व्यवस्था सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून, कार्यविधि एवं मापदण्ड बमोजिम हुने बेहोरा समेत जानकारीका लागि अनुरोध छ । समिति गठन तथा अन्य आवश्यक निवेदन/फारामका ढाँचाहरु यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ । कार्यक्रम कार्यान्वयन मापदण्ड तथा सम्बन्धित स्वघोषणापत्रको नमूना (अनुसूची-९) यस कार्यालयको website: sdomanang.gandaki.gov.np बाट download गर्न सकिनेछ । थप थानकारीका लागि यस कार्यालयको सम्पर्क नं. ९८५६०२६११८ (कार्यालय प्रमुख)/९८४६४५५३७७ (प्राविधिक कर्मचारी) मा सम्पर्क गर्न सक्नुहुनेछ । कुनै कारणवश निर्धारित अवधिभित्र आयोजना सम्झौता गर्न नसकिने भएमा वा उपभोक्ता समिति/संघ संस्थाबाट कार्यान्वयन गर्न/गराउन नसकिने भएमा यस कार्यालयलाई समयमै सूचित गरिदिनका लागि समेत सम्बन्धित स्थानीय तह/वडा कार्यालयलाई अनुरोध छ ।*

सामाजिक विकास कार्यालय, मनाङ

## अनुसूची- १०

## स्वघोषणा -पत्र

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको स्विकृत वार्षिक बजेटबाट **खेलकुद मैदान निर्माण/मर्मत सम्भार कार्यक्रम अन्तर्गत** सञ्चालित. ......... ............................ आयोजनाका लागि कार्यालय र ...................................... उपभोक्ता समिति बिच मिति...... .......................... मा कूल लागत ..............................मा सम्पन्न गर्न सम्झौता गरियो। उक्त कार्यक्रममा सम्झौता बमोजिम कार्य सम्पन्न गर्न अन्य कुनै सार्वजनिक निकाय संघ सँस्थाबाट बजेट विनियोजन नभएको स्वघोषणा गर्दछौं। साथै कुनै संघ/सँस्था/निकायबाट दोहोरोपना नभएको पनि स्वघोषणा गर्दछौं।

माथि उल्लिखित सबै व्यहोरा साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला /बुझाउँला।

| पद | नाम | हस्ताक्षर |
|---|---|---|
| अध्यक्षः | | |
| उपाध्यक्षः | | |
| सचिवः | | |
| कोषाध्यक्षः | | |
| सदस्यः | | |
| सदस्यः | | |
| सदस्यः | | |
| सदस्यः | | |
| सदस्यः | | |